pennsylvania
DEPARTMENT OF EDUCATION

PENNSYLVANIA
KEYSTONE EXAMS

# प्रतिवेदन व्याख्या सम्बन्धी निर्देशिका
## किस्टोन परीक्षा

# पेन्सिलभेनिया शिक्षा विभाग

# किस्टोन परीक्षा विद्यार्थी प्रतिवेदन सम्बन्धी निर्देशिका

## विद्यार्थी प्रतिवेदनको अर्थ लगाउने मार्गदर्शन

किस्टोन परीक्षा 2020 र त्यसपछि विद्यालय शिक्षा सम्पन्न गर्ने विद्यार्थीका लगि पेन्सिलभेनियाको नयाँ माध्यमिक विद्यालय दीक्षान्त मापदण्ड प्रणालीको एक अङ्ग हो। विद्यार्थीहरूले 2010-2011 देखि बिजगणित 1, जीव विज्ञानम र साहित्यमा विशेष पाठ्यक्रमको अन्ततिर परीक्षा दिन्छन्।

विद्यार्थी प्रतिवेदनमा हरेक किस्टोन परीक्षामा विद्यार्थीले कस्तो प्रदर्शन गरेका छन् भन्ने देखाइन्छ। यो निर्देशिकाले विद्यार्थीको प्रतिवेदनमा प्राप्ताङ्कहरू व्याख्या गर्न सहयोग गर्छ। यदि विद्यार्थीले कुनै परीक्षाको दुबै मोड्युल दिएनन् भने, प्रतिवेदनको एक हिस्सा खाली हुन्छ। याद गर्नुहोस्, यी परीक्षाहरू विद्यार्थीको शैक्षिक विकास मापन गर्ने एक तरिका मात्र हो।

## विद्यार्थी प्रतिवेदनको पेज 1 को व्याख्या

**1 विद्यार्थीको विवरण**
यस खण्डमा विद्यार्थीको नाम, स्कूल, डिस्ट्रिक्ट, परीक्षा मिति, र श्रेणी निर्धारण गरिन्छ।

**2 मन्त्रीको शुभकामना मन्तव्य**
यो शिक्षा मन्त्रीको पत्र हो र किस्टोन परीक्षामा मूल्याङ्कन गरिने विषयवस्तुको व्याख्या गर्दछ।

**3 विषयगत क्षेत्र**
यो किस्टोन परीक्षामा समावेश गरिने पाठ्यक्रम वा विषयवस्तु हो।

**4 विद्यार्थीको किस्टोन परीक्षा नतिजा**
यस तालिकाले किस्टोन परीक्षामा विद्यार्थीको शैक्षिक स्तर इङ्गित गर्दछ।

**5 किस्टोन परीक्षाको बारेमा**
यो किस्टोन परीक्षाको संक्षिप्त सारांश हो।



PENNSYLVANIA KEYSTONE EXAMS
Student Report

1
Student Name: SAMPLE STUDENT 1
PA Student ID: *****96443
School: SAMPLE SHS
District: SAMPLE SD
Test Date: Summer 2017
Grade: 8

3
Content Area: Algebra I

4
Student's Keystone Exam Result

| | | Goal Range | |
|---|---|---|---|
| Below Basic | Basic | Proficient | Advanced |
| | | ✓ | |

2
Dear Parent/Guardian:

On behalf of the Pennsylvania Department of Education, I would like to thank you for taking the time to review this report. Academic success begins at home. Children with parents/guardians who are engaged in their child's academics are more likely to enjoy the learning process and succeed.

This report provides information about your child's recent performance on a Pennsylvania test known as the Keystone Exam. On this page, you can see your child's overall performance – below basic, basic, proficient or advanced.

Within this report, you will find specific information about your child's performance on the Algebra I Keystone Exam. It displays your child's Highest Total Test Scale Score to Date for Module 1 and Module 2. Module 1 assesses Operations and Linear Equations and Inequalities, and Module 2 assesses Linear Functions and Data Organizations.

For detailed information about the Keystone exams, please visit the Pennsylvania Department of Education's Standards Aligned System website at www.pdesas.org, or contact your child's school.

Sincerely,

Pedro A. Rivera
Secretary of Education

5
**About the Keystone Exams**

The Keystone Exams are end-of-course assessments designed to evaluate student performance on academic content. The purpose of the Algebra I, Biology, and Literature Keystone Exams is to measure student, educator, and school accountability. Keystone Exams are designed to be administered to students at or near the end of a Keystone-related course. Students' results are banked until their junior year for accountability purposes. Keystone Exams are one component of Pennsylvania's system of high school graduation requirements affecting students in the class of 2019 and beyond.

These tests were developed by Pennsylvania educators and were aligned to the standards adopted by the Pennsylvania State Board of Education. The results help students, parents, and educators understand how well rigorous expectations for student achievement in core subject areas are being met.

A Report Interpretation Guide is available at www.education.pa.gov. Type "student report guide" in the search field or consult the local school district or school.

www.pdesas.org Algebra I pennsylvania DEPARTMENT OF EDUCATION

00004053 Page 1

# पेन्सिलभेनिया शिक्षा विभाग

## किस्टोन परीक्षा विद्यार्थी प्रतिवेदन सम्बन्धी निर्देशिका

### विद्यार्थी प्रतिवेदनको पेज 2 को व्याख्या

**6** **कुल परीक्षामा शैक्षिक स्तर**

तीरले सम्पूर्ण किस्टोन परीक्षामा विद्यार्थीको शैक्षिक स्तर तर्फ इङ्गित गर्दछ।

द्रष्टव्य: यदि विद्यार्थीको परीक्षा लिइएको थिएन वा कुल प्राप्ताङ्क प्राप्त पाएनन् भने, शैक्षिक स्तरतिर फर्किएको तीर देख्न सकिँदैन।

**7** **विद्यार्थीको स्कोर**

उक्त मितिसम्मको उच्चतम कुल परीक्षा प्राप्ताङ्कले कुल परीक्षामा विद्यार्थीको स्केल स्कोर इङ्गित गर्दछ। त्यसको साथसाथै, बार ग्राफमा रहेको तीरले शैक्षिक स्तरको दायराभित्र विद्यार्थीको प्राप्ताङ्क कुन स्थानमा पर्दछ भन्ने इङ्गित गर्दछ।

हरेक विषयगत क्षेत्रको आफ्नै स्केल हुने हुनाले विद्यार्थीको किस्टोन परीक्षा प्राप्ताङ्कहरू अर्को विषयगत क्षेत्रकोसँग तुलना गरिनुहुन्न।

**8** **न्यूनतम/अधिकत स्केल स्कोर**

न्यूनतम र अधिकत स्केल स्कोरले विद्यार्थीले ल्याउन सक्ने न्यूनतम र अधिकत स्कोर बुझाउँछ। हरेक किस्टोन परीक्षाको न्यूनतम र अधिकत स्कोर हुन्छ जुन वर्षौंवर्षसम्म उस्तै रेन्जमा रहन्छ। सबै परीक्षाको लागि प्रवीण स्कोर 1500 मा तय गरिएको छ।



**Performance Level on Total Test**

Student's highest total test scale score to date is indicated by the ( 🠉 ). If this student were to test again under similar circumstances, his/her score would likely remain in the following range: 1500-1528.



| Below Basic | Basic | Proficient | Advanced |
|---|---|---|---|
| Inadequate academic performance that indicates little understanding and minimal display of the skills included in the Keystone Exams Assessment Anchors & Eligible Content. There is a major need for additional instructional opportunities and/or increased student academic commitment to achieve the Proficient level. | Marginal academic performance, work approaching, but not yet reaching, satisfactory performance. Performance indicates a partial understanding and limited display of the skills included in the Keystone Exams Assessment Anchors & Eligible Content. The student may need additional instructional opportunities and/or increased student academic commitment to achieve the Proficient level. | Satisfactory academic performance indicating a solid understanding and adequate display of the skills included in the Keystone Exams Assessment Anchors & Eligible Content. | Superior academic performance indicating an in-depth understanding and exemplary display of the skills included in the Keystone Exams Assessment Anchors & Eligible Content. |

**Algebra I** SAMPLE STUDENT 1

| | Module 1 Operations and Linear Equations & Inequalities | | | Module 2 Linear Functions and Data Organizations | | | Total Test | |
|---|---|---|---|---|---|---|---|---|
| | Result | Scale Score | Test Date | Result | Scale Score | Test Date | Scale Score | Performance Level |
| Highest Total Test Scale Score to Date[1] | Passed | 1520 | Summer 2017 | Passed | 1509 | Summer 2017 | 1514 | Proficient |
| Scores of Three Most Recent Test Events | Passed | 1520 | Summer 2017 | Passed | 1509 | Summer 2017 | | |
| | | | | | | | | |
| | | | | | | | | |

[1]The highest total test scale score to date is the highest score computed from all possible combinations of module 1 and module 2. The total scale score is not the simple average of the module scale scores. Rather, it is weighted by the relative difficulty of questions from each module.

www.pdesas.org | Algebra I | pennsylvania DEPARTMENT OF EDUCATION

Page 2

### विद्यार्थी प्रतिवेदनको पेज 2 को व्याख्या (निरन्तर)

**9 मापनको मानक त्रुटि**

यो रेञ्जले विद्यार्थीको किस्टोन परीक्षा स्कोरको लागि मापनको मानक त्रुटि (SEM) प्रतिबिम्बित गर्दछ। उस्तै संस्करणको परीक्षा लिएमा उनले कति हासिल गर्न सक्छन् भन्ने यथोचित स्कोर रेञ्ज प्रदान गर्दछ। (अर्को शब्दमा, विद्यार्थीले ठ्याक्कै उही विषयवस्तु, तर फरक प्रश्नहरू रहेको परीक्षा दिएको खण्डमा।)उदाहरणको लागि, यदि किस्टोन परीक्षामा प्राप्ताङ्क 1750 छ र SEM रेञ्ज 1700 देखि 1800 सम्म छ भने, विद्यार्थीले उस्तै अवस्थामा फरक संस्करणको परीक्षा दिएमा प्राप्ताङ्क 1700 र 1800 बिचको रेञ्जमा आउन सक्छ।

**10 शैक्षिक स्तरको अर्थ**

यस खण्डमा पेन्सिलभेनियाको शैक्षिक स्तरको सामान्य व्याख्या दिइएको छ। किस्टोन परीक्षामा विद्यार्थीको शैक्षिक स्तर चार शैक्षिक स्तरमध्ये एकभित्र पर्दछ : आधारभूतभन्दा न्यून, आधारभूत, प्रवीण, र उन्नत।

**11 हरेक मोड्युलमा विद्यार्थीको शैक्षिक स्तर**

यस खण्डमा हरेक मोड्युल अन्तर्गत विद्यार्थीको शैक्षिक प्रगति इङ्गित गरिएको हुन्छ। यसमा हरेक मोड्युलमा समेटिएका मूल्याङ्कन एङ्करहरू दिइएको हुन्छ। त्यसको साथसाथै, यसले हरेक मोड्युल र परीक्षाको लागि नतिजा, स्केल स्कोर, र परीक्षा मिति किटान गर्दछ।

द्रष्टव्य: विद्यार्थीले परीक्षामा प्रवीण स्कोर हासिल गर्न दुबै मोड्युलमा उत्तीर्ण गर्नुपर्दैन।




**12 सम्पूर्ण परीक्षामा विद्यार्थीको शैक्षिक स्तर**

यस खण्डमा सम्पूर्ण परीक्षामा विद्यार्थीको स्केल स्कोर र शैक्षिक स्तर इङ्गित गरिएको हुन्छ। सम्पूर्ण परीक्षामा हासिल गरिएको स्केल स्कोरले दुई उच्चतम मोड्युल स्कोरहरूको संयोजनको रूपमा गणना गरिएको उच्चतम प्राप्ताङ्क जनाउँछ। मोड्युलहरूमा विविध कठिनाइका विभिन्न प्रश्नहरू हुने हुनाले, कुल स्केल स्कोर मोड्युलहरूको औसत बराबर नहुन सक्छ। पहिलो पटक किस्टोन परीक्षा दिने विद्यार्थीहरूले कुल परीक्षा स्केल स्कोर प्राप्त गर्न दुबै मोड्युलको परीक्षा दिनुपर्छ।

# पेन्सिलभेनिया शिक्षा विभाग

# किस्टोन परीक्षा विद्यार्थी प्रतिवेदन सम्बन्धी निर्देशिका

## किस्टोन परीक्षा सम्बन्धी सामान्य जानकारी

### किस्टोन परीक्षामा समावेश गरिने विषयवस्तु

प्रत्येक किस्टोन परीक्षालाई दुई मुख्य रिपोर्टिङ श्रेणीमा व्यवस्थित गरिएको हुन्छ, जसलाई मोड्युल भनिन्छ। हरेक मोड्युल विशेष मूल्याङ्कन एङ्करहरू र सो विषयगत क्षेत्रको योग्य विषयको आधारमा व्यवस्थित गरिएको हुन्छ। मूल्याङ्कन एङ्करहरू र योग्य विषय भनेको हरेक किस्टोन परीक्षामा मूल्याङ्कन गरिने मानकहरू स्पष्ट पार्ने कथनहरू हुन् र तिनले पाठ्यक्रम, शिक्षण, र मूल्याङ्कनलाई पङ्क्तिबद्ध गर्नको लागि एक औजारको रूपमा सघाउ पुर्‍याउँछन्। किस्टोन परीक्षामा आउने सबै प्रश्नहरू किस्टोन परीक्षा मूल्याङ्कन एङ्करहरू र योग्य विषयवस्तु बमोजिम हुन्छन्, जुन www.pdesas.org/Standard/Views लिङ्कमा SAS वेबसाइटमा पाउन सकिन्छ।

### किस्टोन परीक्षाका लागि ढाँचाहरू

किस्टोन परीक्षाहरू अनलाइन र कागज/सिसाकलम दुबै माध्यमबाट दिन सकिन्छ। डिस्ट्रिक्टहरूले स्थानीय रूपमा अनलाइन, कागज/सिसाकलम, दुबै माध्यम मध्ये कुन अपनाउने भन्ने निर्धारण गर्दछन्।

### किस्टोन परीक्षामा आउने प्रश्नका प्रकारहरू

किस्टोन परीक्षामा बहु-विकल्प प्रश्नहरू र संरचित उत्तर दिने वा विस्तृत जवाफ दिनुपर्ने प्रश्नहरू समावेश हुन्छन्। हरेक किस्टोन परीक्षाको लागि, लगभग 60% देखि 75% कुल प्राप्ताङ्क बहु-विकल्प प्रश्नहरूबाट हुन्छन् र कुल प्राप्ताङ्कको 25% देखि 40% सम्म संरचित-उत्तरयुक्त प्रश्नहरूबाट हुन्छन्।

### नतिजा रिपोर्टिङ गर्ने प्रक्रिया

सबै किस्टोन परीक्षाका लागि हरेक विद्यार्थी प्रतिवेदनको दुई प्रति प्रत्येक स्कूल डिस्ट्रिक्ट र चार्टर स्कूलमा पठाइन्छ, जसले अभिभावक, शिक्षक, मार्गदर्शन परामर्शदाता, र/वा प्रधानाध्यापकहरूलाई वितरण गर्छन्। स्कूल डिस्ट्रिक्ट र चार्टर स्कूलहरूले किस्टोन परीक्षाका स्कूल-स्तरीय प्रतिवेदनहरूका नतिजा प्रकाशन गर्न सक्छन्।